केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०१/०७०/७१

मिति: २०७०/०५/१९

# सूचना

यस बैंकबाट जारी *"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धी कार्यविधि, २०६९"* को खण्ड (ख) को बुँदा नं. (१०) मा भएको विद्यमान व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएको तथा सो खण्डमा देहायका बुँदा नं. (११) र (१२) थप गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*"(१०) समस्यामा रहेका बैंक तथा वित्तीय संस्थामा गरेको अन्तर बैंक सापटी, निक्षेप, कर्जा वा अन्य दावीमा सतप्रतिशत नोक्सानी व्यवस्था कायम गर्न लगाउने ।*

*तर, त्यस्तो अन्तर बैंक सापटी, निक्षेप, कर्जा वा अन्य दावी वापत सुरक्षणमा भएको धितो विक्री गर्न यस बैंकले बन्देज लगाएको वा त्यस्तो सम्पत्ति रोक्का राखेको अवस्थामा भने रोक्का बन्देज लगाएको अवधिसम्मका लागि थप नोक्सानी व्यवस्था गर्न अनिवार्य नहुने । यसरी यस बैंकले धितो विक्री गर्न बन्देज लगाएको वा त्यस्तो सम्पत्ति रोक्का राखेको अवस्थामा सम्बन्धित संस्थाले विक्री गर्न तथा रोक्का फुकुवा गर्न यस बैंकमा पत्राचार गरी पहल नगरेमा त्यस्तो धितो रहेको अन्तर बैंक सापटी, निक्षेप, कर्जा वा अन्य दावी वापत २०७० आश्विन मसान्तसम्म कम्तिमा २५ प्रतिशत, २०७० पौष मसान्तसम्म कम्तिमा ५० प्रतिशत र २०७१ आषाढमसान्तसम्म सत्प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्ने । साथै गत आर्थिक वर्षमा नोक्सानी व्यवस्था कायम गरिसकेको अवस्थामा त्यस्तो कर्जा असुल नहुन्जेलसम्म नोक्सानी व्यवस्था फिर्ता गर्न नपाईने ।*

*(११) हालसम्म यस बैंकले तोकेको न्यूनतम पूँजी (कम्तीमा ८० प्रतिशत चुक्ता पूँजी र बाँकी २० प्रतिशत प्राथमिक पूँजीमा गणना हुने अन्य श्रोत) पुरा गरेका तर न्यूनतम चुक्तापूँजी (साधारण शेयर) पुर्‍याउन बाँकि रहेका बैंक तथा वित्तीय संस्थालाई आ.व. २०६९/७० को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति दिनु अघि मिति २०७१ आषाढ मसान्तभित्र यस बैंकले तोकेको न्यूनतम चुक्तापूँजी पुर्‍याउने गरी पूँजीयोजना पेश गरेको हुनुपर्ने र आ.व. २०७०/७१ मा प्रस्तावित बोनस शेयर वितरण गर्न स्वीकृति भएको अवस्थामा चुक्तापूँजीमा गणना गर्न सकिने ।*

*(१२) विद्यमान नेपाल लेखामान (*Events after Balance Sheet Date*) बमोजिम वित्तीय विवरण जारी गर्ने स्वीकृतिको मितिसम्मका* Adjusting events *हरुलाई गत आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गर्न सकिने तर लाभाँश घोषणा गर्ने प्रयोजनको लागि गणना गरिने नाफा-नोक्सान हिसाबको रकममा भने बाह्य लेखापरिक्षकद्वारा प्रमाणित भएको र आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रका* Adjusting events *लाई मात्र समायोजन गरी गणना भएको नाफा रकमलाई आधार लिई लाभाँश स्वीकृति दिन सकिने ।"*

....................
(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।